नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
योजना तथा अनुगमन शाखा

फो.नं.
४२०००००
४२००३२३
सिंहदरबार काठमाण्डौं

प.सं. ०७५/७६
च.नं. 30

मिति - २०७५/०४/१८

विषय - *तुईन विस्थापन सम्वन्धमा ।*

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका सबै ।
श्री गाउँपालिका सवै ।

प्रस्तुत विषयमा नेपालका विभिन्न ठाउँमा रहेका नदी, खोलाहरु माथि वारपार गर्न अन्य सुरक्षित उपाय नभएको अवस्थामा निर्माण गरिएका सार्वजनिक तुईनलाई झोलुङ्गे पुलले प्रतिस्थापन गर्ने नेपाल सरकारको मिति २०७२/०६/२५ को निर्णय वमोजिम देशभरका तुइनहरूको विवरण संकलन गरी सम्भाव्य भएका १३१ स्थानमा रहेका तुईनहरु मध्ये १०५ वटा तुइनहरू विस्थापन भैसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले चालु आ.व. को वजेट वक्तव्यमा तीन वर्ष भित्र सम्भाव्य सवै ठाउँमा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ ३ अर्व ११ करोड ४० लाख वजेट विनियोजन गरी तुईन विस्थापन कार्यलाई तीव्रता प्रदान गरेको व्यहोरा विदितै छ । तुईन विस्थापन कार्यलाई सरकारले उच्च प्राथमिकता प्रदान गरी आवश्यक कार्यक्रम अगाडी वढाईरहेको भएतापनि विभिन्न सञ्चार माध्यमहरुवाट अझै पनि देशका विभिन्न स्थानमा झोलुङ्गे पुलको अभावमा स्थानीय जनताले तुईनवाटै असुरक्षित तरिकाले नदी वारपार गरिरहेको भन्ने समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल सरकारको सार्वजनिक तुईन प्रतिस्थापन कार्यविधि, २०७३ मा "झोलुङ्गे पुलले प्रतिस्थापन गरेका र दैनिक प्रयोगमा नरहेका सार्वजनिक तुईन स्थानीय तहले हटाउनु पर्ने र सार्वजनिक तुईनको नयाँ निर्माणलाई रोक्का गर्न सार्वजनिक सूचना जारी गर्नु पर्ने एवं सार्वजनिक तुईनको नयाँ निर्माण कार्य कानून विपरित हुने हुँदा कार्यविधिमा उल्लेख भए वमोजिम भएका तुईनहरुको विस्थापन एवं नयाँ तुईन निर्माण कार्यमा रोक लगाउने तर्फ ठोस कदम चाल्नुहुन अनुरोध छ ।

यस मन्त्रालयवाट तुईन प्रतिस्थापनको लागि प्रारम्भिक चरणमा संकलन गरिएको सर्वेक्षणमा छुट्न गई त्यस स्थानीय तह भित्र वा सीमानामा पर्ने नदी वारपार गर्नका लागि अझै पनि सार्वजनिक तुईनको प्रयोग भैरहेको भए सो स्थानमा झोलुङ्गे पुल निर्माणको लागि यस मन्त्रालयमा तुरुन्त संलग्न ढाँचामा माग गर्नु हुन अनुरोध छ । साथै कतिपय स्थानमा निजी तथा समुदायवाट निर्माण भई हाल प्रयोगविहिन अवस्थामा रहेका जोखिमयुक्त तुईनहरुलाई आवश्यकता अनुसार स्थानीय प्रशासनको समेत सहयोग लिई अविलम्व हटाउने तर्फ आवश्यक पहल गर्नुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५/०४/१६ को निर्णयानुसार अनुरोध छ ।

(भुपेन्द्र रायमाझी)
**शाखा अधिकृत**

**<u>वोधार्थ</u>**
श्री जिल्ला प्रशासन कार्यालयहरु, सवै : आवश्यक सहयोगका लागि ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सवै :
आवश्यक सहयोग तथा समन्वयका लागि ।
श्री सूचना तथा प्रविधि शाखा,
- *मन्त्रालयको Web Site मा Upload गरिदिनुहुन ।*

# तुइन प्रतिस्थापन गरी झोलुङ्गेपुल निर्माणका लागि स्थानीय तहले बजेट माग गर्ने ढाँचा

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | तुइन रहेको स्थानको नाम | झो.पु. निर्माण हुने स्थानको नाम | पुलको लम्बाइ | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

शाखा अधि